# F4S कार्यक्रमका लागि विद्यालयहरूको लागि मापदण्ड

इच्छुक विद्यालयहरूले फिफा फुटबल फर स्कूल (F4S) का लागि अखिल नेपाल फुटबल संघ (ANFA) मा विस्तृत जानकारी पेश गरेर आवेदन दिन सक्छन् । आवेदनमा विद्यालयको फुटबल कार्यक्रम, सुविधाहरू, प्रशिक्षण तालिका, र फुटबल प्रशिक्षकको उपलब्धता/योग्यताहरू बारे विवरणहरू समावेश हुनुपर्छ । इच्छुक विद्यालयले एन्फालाई प्रस्ताव पेश गर्नुपर्छ र निम्न मापदण्डहरूको पालना गर्नुपर्छ ।

## १. योग्यता मापदण्ड

कार्यक्रमको लागि योग्य हुन, सामुदायिक तथा संस्थागत विद्यालयहरुले निम्न मापदण्डहरू पूरा गर्नुपर्नेछ तथा पेश गरेको आवेदनमा निम्न जानकारी/कागजात समावेश हुनुपर्नेछ :

- विद्यालयको पूरा नाम, आधिकारिक ठेगाना (जिल्ला र प्रदेश सहित) र दर्ता नम्बर
- लक्षित विद्यार्थीहरूको कुल संख्या, निम्न उमेर समुहहरूमा विभाजन गरिएको हुनुपर्नेछः ४ देखि ७, ८ देखि ११, र १२ देखि १४
- विद्यालयमा शारीरिक शिक्षा सिकाउन योग्य शिक्षक कम्तिमा १ जना हुनुपर्ने,
- विद्यालयले यस कार्यक्रमलाई पाठ्यक्रम र/वा अतिरिक्त क्रियाकलापहरूमा समावेश गरिनेछ भन्ने कुराको प्रतिवद्धता पत्र विधालयको लेटरप्याडमा हस्ताक्षर सहित पेश गर्नुपर्ने ।
- विद्यालयमा प्रशिक्षण र खेलका लागि उपयुक्त खेल मैदान फुटबल/फुटसल मैदान हुनुपर्ने ।
- विद्यालयले त्यस क्षेत्रमा ग्रासरुट फुटबलको प्रवर्द्धन र विकास गर्न अखिल नेपाल फुटबल संघ (एन्फा) मा ग्रासरुट फुटबल विभागसँग र संबन्धित जिल्ला फुटबल संघ संग सहकार्य गर्नुपर्ने ।
- माथि उल्लेखिल मापदण्ड पुरा गरेका विधालयहरुले यसैसाथ संलग्न फारम भरी १५ दिन भित्र एन्फामा पृश गर्नुपर्नेछ ।

## २. कार्यक्रम आवश्यकताहरू

योग्यता मापदण्ड पूरा गर्नुको अतिरिक्त, विद्यालयहरूले निम्न आवश्यकताहरू पूरा गर्नुपर्छः

i. प्रशिक्षणः विद्यालयको फुटबल कार्यक्रममा हप्तामा कम्तिमा एक पटक नियमित प्रशिक्षण सत्रहरू समावेश हुनुपर्छ । यी प्रशिक्षण सत्रहरूले उमेर समूहका लागि उपयुक्त फुटबल प्रविधिहरूका साथै आधारभूत जीवन सीपहरू विकास गर्नमा केन्द्रित हुनुपर्छ ।
ii. खेलहरूः विद्यालयको फुटबल कार्यक्रमले विद्यार्थीहरूलाई संगठित खेलहरूमा भाग लिने अवसरहरू प्रदान गर्नुपर्छ । न्यूनतममा, विद्यालयले मासिक आधारमा उमेर सुहाउँदो (१V१, ३V३, ५V५, ७ V७) खेलहरू आयोजना गर्नुपर्छ, जसले विद्यार्थीहरूलाई उनीहरूको सीपहरू प्रतिस्पर्धात्मक वातावरणमा लागू गर्न अवसर दिन्छ ।

**३. छनोट तथा आवेदन मूल्याङ्कन प्रक्रिया**

विधालयको छनौट तथा आवेदनको मूल्याङ्कन राष्ट्रिय संचालन समिति (NSC) ले गर्नेछ । मूल्याङ्कन प्रक्रियाले निम्न चरणहरू समावेश गर्नेछः

- कागजात समीक्षाः विद्यालयहरूले योग्यता मापदण्डमा माग गरेका सबै सुचना र सान्दर्भिक कागजातहरू पेश गर्न आवश्यक हुनेछ ।

**४. मूल्याङ्कन मापदण्डः** NSC ले छनौटका लागि विधालयमा फुटबल पुर्वाधार/सुविधाहरूको गुणस्तर, प्रशिक्षक, ग्रासरुट कार्यक्रम संचालन गरेको पुर्व अनुभव, तथा विधालय र स्थानिय जिल्ला फुटबल संघ संगको सहकार्यका आधारमा मूल्याङ्कन गर्नेछ । साथै विधालयको समग्र व्यबस्थापन, र विद्यार्थीहरूको विकास र सहभागितामा पर्ने प्रभावका आधारमा विद्यालयहरूको मूल्याङ्कन गर्नेछ । विधालय छनौटको अन्तिम अधिकार NSC र एन्फामा रहनेछ ।

**५. अनुगमनः**

NSC तथा ANFA ग्रासरुट फुटबल विभागले छनौट भएका विद्यालयको प्रदर्शन तथा कार्यक्रकको प्रभावकारीता प्रमाणित गर्न आवधिक भ्रमण र निरीक्षण गर्ने अधिकार सुरक्षित गर्दछ ।

**६. निष्कर्ष**

यस मापदण्डले विद्यालयहरूलाई FIFA Football for School (F4S) कार्यक्रममा भाग लिनको लागि विस्तृत रूपरेखा प्रदान गर्दछ । योग्यता मापदण्डहरू पूरा गरेर र कार्यक्रम आवश्यकताहरू पूरा गरेर, विद्यालयहरूले बालबालिकाहरुको जिवनकौशल सम्बन्धि ज्ञान तथा फुटबल प्रतिभाको प्रवर्द्धन गर्न र यस क्षेत्रमा ग्रासरुट फुटबलको विकासमा योगदान दिन आफ्नो प्रतिबद्धता प्रदर्शन गर्न सक्छन् ।

ALL NEPAL FOOTBALL ASSOCIATION ANFA

# F4S Application Form

FIFA FOOTBALL FOR SCHOOLS

## School Information

| | | |
|---|---|---|
| School's Name (विद्यालयको नाम) | | |
| Address (ठेगाना) | | |
| District/Province (जिल्ला/प्रदेश) | | |
| Registration No. (if applicable) (दर्ता नं) | | |
| Contact Info **(School) (सर्म्पक जानकारी विद्यालय)** | ***Phone:*** | ***Email:*** |
| Contact Info **(Principle) (सर्म्पक जानकारी प्रधानध्यापक)** | ***Phone:*** | ***Email:*** |
| Contact Info **(Coach/physical education teacher) (सर्म्पक जानकारी प्रशिक्षक/शाररीक शिक्षा शिक्षक)** | ***Phone:*** | ***Email:*** |

## Student's Info

| | | |
|---|---|---|
| No of Total Students **(जम्मा विद्यार्थी संख्या)** | ***Girls:*** | ***Boys:*** |
| Age 4 to 7 **(४ देखि ७ वर्ष)** | ***Girls:*** | ***Boys:*** |
| Age 8 to 11 **(८ देखि ११ वर्ष)** | ***Girls:*** | ***Boys:*** |
| Age 12 to 14 **(१२ देखि १४ वर्ष)** | ***Girls:*** | ***Boys:*** |

## Facilities (tick the best answer)

| | | |
|---|---|---|
| Does the school have a football/futsal Ground **(के विद्यालयको खेल मैदान छ)** | Yes | No |
| If yes, who owns the ground**(छ भने कस्को स्वामित्वमा छ)** | School | Others…………………… (please specify) |
| If contract/agreement**(यदी सम्झौता/करार भएमा)** | Validity (करार अवधि) | |
| Does the school have a coach/physical education teacher**(विद्यालयमा प्रशिक्षक/शाररीक शिक्षा शिक्षक हुनुहुन्छ)** | Yes | No |
| If yes, please share the details**(हुनुहुन्छ** | Name: | Phone: |

# F4S Application Form

भने विस्तृत विवरण दिनुहोस)

Email:

*Send the form to the anfatechnicaldivision2018@gmail.com*